# विद्यालय शिक्षा क्षेत्र योजना

## वि.सं. २०८१/०८२-२०९१/०९२

कैलारी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

हसुलिया, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

कैलारी गाउँपालिका

**विद्यालय शिक्षा क्षेत्र योजना-२०८१/०८२-२०९१/०९२**

सर्वाधिकारः कैलारी गाउँपालिका

प्रकाशनः  २०८१

संस्करणः  दोस्रो

प्रकाशित प्रतिः  १००

**संरक्षक**

श्री राजसमझ चौधरी
(गाउँपालिका अध्यक्ष)

**प्रमुख सल्लाहकार**

श्री भगवती कुमारी चौधरी (गाउँपालिका उपाध्यक्ष)

**सम्पादनः** गणेश प्रशाद मिश्र ( शिक्षा शाखा अधिकृत )

**योजना निर्माण कार्यदल**

१. सन्तराम चौधरी  ( संयोजक )
२. यगम कलेल (सदश्य)
३. मिना बोहरा   (सदश्य)
४. सीताराम चौधरी  (सदश्य)
५. शुक्र चौधरी  (सदश्य)
६. रामकृष्ण चौधरी ( सदश्य )
७. गणेश प्रशाद मिश्र ( शिक्षा शाखा अधिकृत )

**प्राविधिक सहयोग :** युरोपियन युनियन ,युनिसेफ र सामुदायीक विकास केन्द्र डोटी CDC

# सन्देश

नेपालको संविधानले दिएको अधिकार र कार्यक्षेत्रको मातहत रही यस कैलारी गाउँपालिकाको माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापन तथा विकासका लागि विगतमा संघीय सरकारबाट भएका प्रयास र कार्यलाई निरन्तरता दिँदै, स्थानीय आवश्यकता र मौलिकतामा आधारित भई थप सुधार र व्यवस्थापन गर्न यस गाउँपालिकाको शिक्षा शाखाको पहल तथा गाउँ कार्यपालिकाको सहयोगमा यो १० वर्षे शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयनमा लैजान लागेको सुखद अवसरमा म अत्यन्त हर्षित भएको छु ।

संविधानको अनुसूची ८ ले माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार र दायित्व स्थानीय तहलाई दिएको वर्तमान सन्दर्भमा यो योजना निर्माण गर्दै गर्दा आगामी १० वर्षमा माध्यमिक तहसम्मको शिक्षा कसरी व्यवस्थित र विकसित गर्ने भन्ने विषय नै यस योजनाको केन्द्रीय तत्व हो । जुन उद्देश्यका साथ हामी यो योजना निर्माणमा लागेको छौं, सो उद्देश्य पूरा गर्न सबै सरोकारवालाको आगामी दिनमा थप सहयोग र योगदान आवश्यक पर्न सक्छ ।

प्रस्तुत योजना निर्माणको क्रममा सकारात्मक सुझाव दिनुहुने यस कैलारी गाउँ कार्यपालिकाका उपाध्यक्षज्यू लगायत सम्पूर्ण सदस्यज्यूहरू, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा शाखा प्रमुख तथा अन्य सहयोगी कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । स्थानीय सरकार प्रमुखको हैसियतले मेरो कार्यकालको तेस्रो वर्षमा यो योजना ल्याउन पाउँदा खुशी लागेको छ ।

उक्त योजना निर्माणका क्रममा सल्लाह तथा सुझाव दिनु हुने सबै विद्यालयका प्रधानाध्यापक, शिक्षकहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा सम्पूर्ण शिक्षा प्रेमी जनसमुदायप्रति हार्दिक आभार प्रकट गर्दछु। साथै, उक्त योजना निर्माणको पूर्वसन्ध्या तथा निर्माणको चरम अवस्थामा प्राविधिक सहयोग गर्नु हुने शिक्षा यूवा तथा खेलकुद शाखा कैलारी गाउँपालका कैलाली, युरपियन युनिअन, यूनिसेफ नेपाल र सामुदायिक विकास केन्द्र (CDC) डोटी लगायत सम्पूर्ण सहयोगी सरकारी तथा गैरसरकारी संघ-संस्थालाई समेत हार्दिक धन्यवाद दिन चाहन्छु ।

योजना आफैंमा एक अग्रगामी दिशा निर्देशक प्राविधिक दस्तावेज भएको हुँदा निर्माण भएको योजनाको मूर्त प्रतिफलका लागि इमानदारीका साथ, समयानुसार संशोधनसहित कार्यान्वयनमा लैजानु पर्दछ, जसका लागि कैलारी गाउँपालिका कटिबद्ध भएर लाग्नेछ

यस योजनाको सफल कार्यान्वयनका लागि गाउँपालिकाको एक्लो प्रयास अपर्याप्त हुन सक्छ, त्यसकारण सबै विद्यालय परिवार, शिक्षक, अभिभावक, विद्यार्थी तथा सम्पूर्ण सरोकारवालाबाट हौसला प्रदान गर्ने खालको सहयोग रहने अपेक्षा कैलारी गाउँपालिकाले गरेको छ ।

**धन्यवाद !**

**राजसमझ चौधरी**
अध्यक्ष

# शुभकामना सन्देश

शिक्षा चेतनाको मूल हो । शिक्षा सम्पूर्ण विकासको प्रतिनिधित्व गर्ने भएकोले देशको समग्र विकासको लागि शिक्षा क्षेत्रलाई व्यवस्थित तथा प्रभावकारी बनाउन शैक्षिक योजना महत्वपूर्ण भूमिका खेल्दछ । मुलुकले राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा गरेका प्रतिबद्धता, दिगो विकासको लक्ष्य, नेपालको संविधान, १६ औं योजना, विद्यालय क्षेत्र विकास योजना आदिलाई मार्गदर्शकको रुपमा लिई यो १० वर्षे शिक्षा क्षेत्र योजना तयार पारिएको छ।

कैलाली जिल्ला कैलारी गाउँपालिकाले शिक्षामा गुणस्तरीय पहुँच पुऱ्याउन, सक्षमता र सेवा प्रवाहको अवस्थालाई प्रभावकारी बनाइ सबै बालबालिकाहरुलाई सिकाइका सबै अवसरहरु प्रत्याभूति दिनका लागि यो दश वर्षे शिक्षा क्षेत्र योजना  निर्माण गर्ने पहिलो प्रयास गरेको छ । राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा देखिएको वर्तमान शिक्षाको व्यवस्थापन र गुणस्तरीयताको चुनौतीहरुलाई सामना गर्दै विकसित भइ रहेको नयाँ प्रविधि र ज्ञान विज्ञानको क्षेत्रलाई समेट्दै सम्पूर्ण बालबालिका, युवा तथा जेष्ठ नागरिकहरुको समेत मौलिक अधिकारको संरक्षण गर्दै उनीहरुलाई सहज, सरल तथा आवश्यकता अनुसार शिक्षा प्रदान गर्न कै लागि यो योजना सरोकारवाला पक्षको सहभागितामा तयार पारिएको छ।

योजना कार्यान्वयनमा सफलताको शुभकामना व्यक्त गर्दछु।

धन्यवाद !

**भगवती कुमारी चौधरी**
उपाध्यक्ष

# दुई शब्द

नेपालको संविधानले दिएको अधिकारको परिधिभित्र रही, आफ्नै मौलिकता र स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने गरी कैलारी गाउँपालिकाले १० वर्षे शिक्षा क्षेत्र योजना निर्माण गरेको हो । यस क्रममा सरोकारवालासँग आवश्यक समन्वय, छलफल तथा सुझाव संकलन गरी आगामी दश वर्षमा शिक्षा क्षेत्रमा के गरिनेछ र कसरी अगाडि बढ्ने भन्ने उद्देश्यसहित प्रस्तुत योजना निर्माण गरिएको हो। समृद्ध विद्यालय शिक्षाको माध्यमबाट सबै कैलारीवासी दाजुभाइ तथा दिदीबहिनीहरूको जीवन गुणस्तरीय बनाउन सहयोग गर्नु नै प्रस्तुत योजनाको मुख्य लक्ष्य हो ।

आन्तरिक स्रोतको उच्चतम प्रयोग तथा आवश्यकतामा आधारित बाह्य सहयोगको आधारमा प्रस्तुत योजनाको स्रोत परिचालन गरिने गरी व्यवस्थापन गरिएको छ । शिक्षकहरूको आत्मबल उच्च राख्दै, अभिभावकको चाहना र भविष्यको आवश्यकता अनुसारको आधारभूत जनशक्ति तयार गर्ने गरी सबै सामुदायिक विद्यालयहरूको स्तरोन्नति गर्दै विद्यालय सशक्तीकरण गरिनेछ ।

विगतदेखि भएका राम्रा प्रयासहरूलाई निरन्तरता दिँदै, थप आवश्यक पर्न सक्ने सहयोग उपलब्ध गराई, आफ्नै विद्यालयप्रति स्वयम् अभिभावक नै उत्तरदायी र जिम्मेवार हुने गरी कार्यक्रमहरू सञ्चालन गरिनेछ । यस स्थानीय तहभित्र विद्यालय उमेरका कुनै पनि बालबालिका विद्यालयबाहिर रहन नपर्ने सुनिश्चितता गर्न वडाहरूलाई जिम्मेवार बनाई अघि बढ्नेछ ।

प्रारम्भिक बाल विकास शिक्षा र आधारभूत तहमा स्थानीय उत्पादनलाई प्राथमिकता दिँदै दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ, र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको सुनिश्चित गाउँपालिकाले गर्नेछ । कसैलाई पनि आर्थिक अभावका कारण विद्यालय छोड्नुपर्ने अवस्था आउन नदिनेसहित योजना तथा कार्यक्रम लागू गरिनेछ ।

यस कैलारी गाउँपालिका पूर्ण साक्षर गाउँपालिका हुनेछ र कोही पनि आधारभूत शिक्षाबाट वञ्चित हुनु पर्ने छैन । स्थानीय आवश्यकताका आधारमा पाठ्यक्रम अध्यावधिक गरी कार्यान्वयन गरिनेछ । शिक्षकहरूको कक्षाकोठामा अन्तरक्रियात्मक समय वृद्धि गर्न आवश्यकता अनुसार प्राविधिक सहयोगलाई थप सुदृढ बनाइनेछ । शिक्षा नै विकासको मेरुदण्ड हो भन्ने मान्यताका साथ, गाउँपालिकाले शिक्षा क्षेत्रमा आफ्नै बजेटको अंश बढाएर २५ प्रतिशत पुऱ्याउनेछ । शतप्रतिशत विद्यार्थीलाई आधारभूत तहको शिक्षा पुरा गर्न सक्षम बनाइनेछ र कसैलाई पनि शारीरिक वा मानसिक यातना नदिई, भयमुक्त र बालमैत्री वातावरणमा सिकाइ सुनिश्चित गरिनेछ ।

**खग्रेन्द्र राज जोशी**
प्रमुख प्रशासकिय अधिकृत
**कैलारी गाउँपालिका**
कैलाली

# विषयसूची


| विषय | | पृष्ठ संख्या |
|---|---|---|
| **परिच्छेद १ : परिचय** | | **१** |
| १.१ | वर्तमान अवस्था | ७ |
| १.२ | मुख्य समस्या तथा चुनौतीको विश्लेषण | २१ |
| **परिच्छेद २ : दूरदृष्टि, लक्ष्य , उद्देश्य, रणनीति तथा निर्धारण** | | **२२** |
| २.१ | स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार | २४ |
| २.२ | दूरदृष्टि | २४ |
| २.३ | ध्येय | २४ |
| २.४ | लक्ष्य | २४ |
| २.५ | उद्देश्य | २४ |
| २.६ | रणनीति | २४ |
| २.७ | कार्यनीतिहरू | २७ |
| २.८ | अपेक्षित मुख्य उपलब्धि (वि.सं. २०९२) सम्म | ३१ |
| २.९ | मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण | ३२ |
| २.१० | प्रमुख उपलब्धि तथा सूचकहरू | ४२ |
| **परिच्छेद ३ : विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरू** | | **४५** |
| ३.१ | प्रारम्भिक बालविकास र शिक्षा | ४५ |
| ३.२ | आधारभूत शिक्षा | ५१ |
| ३.३ | माध्यमिक शिक्षा | ५६ |
| ३.४ | प्राविधिक तथा व्यवसायिक शिक्षा | ६० |
| ३.५ | अनौपचारिक तथा निरन्तर शिक्षा | ६७ |
| **परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू** | | **७१** |
| ४.१ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | ७१ |
| ४.२ | शिक्षक व्यवस्थापन तथा विकास | ७७ |
| ४.३ | शैक्षिक समता र समावेशीकरण | ८४ |
| ४.४ | विद्यालय दिवा खाजा सहित स्वस्थ्य तथा पोषण कार्यक्रम | ८८ |
| ४.५ | विद्यालय सुरक्षा, विपद न्यूनीकरण तथा उत्थानशीलता | ९६ |
| ४.६ | विद्यालय भौतिक पूर्वाधार विकास | १०१ |

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि १०८

**परिच्छेद ५ : अन्य उपक्षेत्रहरू ११४**

५.१ छात्रवृत्ति १४४

**परिच्छेद ६ : विद्यालय सुशासन तथा व्यवस्थापन ११७**

६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ११८
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध १२१

**परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन १२६**

७.१ वर्तमान अवस्था १२७
७.२ उद्देश्य १२८
७.३ रणनीतिहरू १२८
७.४ प्रमुख उपलब्धि १२९
७.५ प्रमुख क्रियाकलाप र लक्ष्य १२९
७.६ योजनाको वार्षिक वजेट तर्जुमा प्रक्रिया १३३
७.७ योजना कार्यान्वयनका लागि वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन १३३

**परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन १३४**

८.१ वर्तमान अवस्था १३४
८.२ उद्देश्यहरू १३५
८.३ रणनीतिहरू १३५
८.४ प्रमुख उपलब्धि तथा नतिजा १३६
८.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य १३६

**सन्दर्भ सामग्री १३८**

**योजना तर्जुमा १३८**

**अनुसूची –१ कार्यक्रम तथा बजेट १४०**